अमेरिकी प्रतिनिधिद्वय जिम कोल्वी तथा ब्राएन बेयर्डद्वारा जारी विज्ञप्ति

भाद्र १२, २०६३

नेपालको शिशु लोकतन्त्रप्रतिको प्रतिवद्धताबाट हामी आफ्नो चारदिवसीय भ्रमण अवधिमा प्रभावित भएका छौं । हामीले यसका चुनौतिहरु पनि बुझेका छौं, जसमाथि विजयप्राप्त गरेरमात्र लोकतन्त्र फस्टाउँछ अनि नेपालले शान्त एवं सम्मुनत भविष्यको रसास्वादन गर्नसक्नेछ ।

हाम्रा छलफलहरुका क्रममा हामीले नेपालमा दिगो शान्तिका लागि कार्यरत धेरैजनासंग कुरा गर्‍यौं । संयुक्त राज्य अमेरिका तथा अन्तर्राष्ट्रिय समुदायले नेपालको दीर्घकालिन शान्तिकालाई समर्थन जुराएपनि यसको निर्भरता नेपाली जनता र तीनका प्रतिनिधिहरुकै मेहनतमा रहन्छ । हामीलाई पूर्ण विश्वास छ, लोकतन्त्र त्यसबेलामात्र पूर्ण रुपमा प्रभावकारी हुन्छ जब सबै पार्टीहरु आफ्ना जनताका अभिलाषा प्राप्तिका निम्ति जिम्मेवारीपूर्वक लागि पर्दछन् । यसै सन्दर्भमा हामी प्रधानमन्त्री कोइरालाको माओवादीहरुले अन्तरिम सरकारमा जानु अगाडि हतियार बिसाउनै पर्छ भन्ने अडानलाई समर्थन गर्दछौं ।

हाम्रो प्रतिनिधि मण्डलले विराटनगर नजिकै रहेको शरणर्थी शिविरहरुको भ्रमण पनि गर्‍यो । नेपालको शरणर्थी समस्याको स्थायी समाधानको खोजीलाई हामी समर्थन गर्दछौं र तत् विषयमा सरकारी अधिकारीहरुसंगको छलफलमा हामीले कुरापनि उठाएका छौं ।

हामीले यहाँहरुको प्रसिद्ध अतिथ्य-सत्कार र नेपाली जनताको न्यानोपनको भरपुर आनन्द लिएका छौं र हामीसंग छलफलमा सहभागी सबैलाई धन्यवाद दिन चाहन्छौं ।